page_6kpr.qxd 5/7/2007 10:53 PM Page 1

सम्पदा पहिचान

पुरातत्वविद्हरूले नेपालको इतिहास-संस्कृतिमा नयाँ आयाम भेट्टाएको प्रारम्भिक जानकारी बाहिर ल्याएका छन् । नेपाली, अमेरिकी र इटालीका ऐतिहासिक खोजकर्ताको यो सफलताले हिमालय क्षेत्रका गुफा, कन्दरामा हजारौं वर्षदेखि मानवबस्ती रहेको अड्कल यथार्थको नजिक हुनथालेको छ । यसो हुन सक्यो भने नेपाल प्रागऐतिहासिककालमा मानव गतिविधि, ऐतिहासिक बसाइँ-सराइ र मानव इतिहासका व्यापारिक मार्गबारे जानकारी दिने थलो बन्नेछ । त्यसैले मुस्ताङमा भएको खोजीमा प्राप्त सफलताले नेपालमात्र होइन विश्व इतिहासकै नयाँ प्राप्ति हुने संभावनाले देशलाई पुनः चर्चामा ल्याएको छ ।

मुस्ताङका गुफाहरूमा फेला परेका भनिएका भित्ते चित्र, मूर्ति र दस्तावेजले विश्वको पुरातत्व, मानवशास्त्र र कलाबारेको सूचनाको मुख्य स्रोत नेपाल भनेर चिनाउने संभावना छँदै छ, पुरातत्वविद्हरूको सफलताले नेपालको इतिहासमा किराँतकाल भनेर चर्चामा रहेको तर किराँत प्रदेश कुन हो भन्ने प्रामाणिक आधार अहिलेसम्म नपाइएकोबारे विश्लेषण गर्न सामग्री जुट्ने अपेक्षा पुरातत्वविद्ले गर्न थालेका छन् । लिच्छविकालअघि किराँतकाल भएको अनुमान भए पनि त्यसको केन्द्र यकिन हुन सकेको छैन । मात्र भनिन्छ, भारत वर्षको उत्तरखण्ड किराँत प्रदेश हो । महाभारतमा समेत किराँत क्षेत्रको चर्चा छ ।

नेपालको प्रामाणिक इतिहास लिच्छविकालदेखि सुरु भएको हो भन्ने मात्र प्रामाणिक इतिहास छ । इतिहासकारहरू भन्छन् तर नेपाल भन्ने देश मानदेव राजा हुनुभन्दा लगभग एक हजार वर्ष पहिल्यै थियो भन्ने कौटिल्यको अर्थशास्त्रमा उल्लेख छ । साहित्यमा लिच्छविकालमा किराँतहरू नेपालमा राज्य गर्थे भन्ने पाइन्छ । किराँतहरू कहाँ बस्थे ? उनीहरू उत्तरी हिमाल, गुफा, कन्दरा र जंगलमा बस्थे भनिन्छ । त्यो क्षेत्र कहाँ हो ? भारत वर्ष माथि र तिब्बतभन्दा तलको संस्कृति किराँत संस्कृति हो भन्ने गरिन्छ । उनीहरू तन्त्रमन्त्र, भूतप्रेत, पिशाचजस्ता अदृश्य शक्तिमा विश्वास गर्थे भनिन्छ । मुस्ताङ उत्खननमा जे प्राप्त भएका छन् तिनले यसैलाई पुष्टि गर्न खोज्छन् । कतै अहिले उत्खनन भएको मुस्ताङ क्षेत्र त्यही क्षेत्र त होइन ? किनकि अहिलेसम्म नेपालको उत्तरी हिमाली क्षेत्रमा खासै खोज अनुसन्धान भएको छैन, सुविधा सम्पन्न स्थानमा मात्र भएका छन् ।

मुस्ताङ खोजीबारे जति जानकारी बाहिर आएको छ त्यसले तीन कुरामा ध्यान दिन प्रेरित गर्छ । पहिलो, व्यापारिक मार्ग कालीगण्डकी किनारैकिनार भएर तिब्बत र भारत जाने थियो । दोस्रो, मुस्ताङको प्रयोजन हिन्दू र बुद्धमार्गीहरूले गर्ने चलन जो अहिले पनि छ । तेस्रो, पहिलेका व्यक्तिहरू वृद्ध वा साधु-सन्यासी भएपछि देवताकहाँ जाने भनेर उत्तरतर्फ लाग्ने परम्परा थियो । पाण्डवहरू पनि स्वर्ग जाने भनेर उत्तर किराँत प्रदेशतर्फै लागेका थिए ।

मुस्ताङबारे जति तथ्य बाहिर आए ती महत्त्वपूर्ण छन् । औपचारिक रूपमा अझ धेरै कुरा आउन बाँकी छ । चित्र वा मूर्ति भेटियो भनेर मात्र पुग्दैन, त्यसको अध्ययन गरेर इतिहाससँग जोड्न सक्नुपर्छ । हजारौं वर्षदेखि प्रकृतिले सुरक्षित राखेका चित्र, मूर्ति वा दस्तावेजरूपी धरोहर फेला परेका छन् । अब ती मानव सम्पत्ति पनि भएका छन् । ती सम्पदा आफूलाई अध्ययन गर्न विशेषज्ञहरू बोलाइरहेछन् । पुर्खाले छोडेका ती धरोहरको सुरक्षा, तिनको गहन अध्ययन र इतिहासको कडीसँग तिनीहरूलाई जोड्न सक्नु राष्ट्रको चुनौती हो ।

बाइरोडको बाटोमा

gunaraj@kantipur.com.np

■ गुणराज लुइँटेल

सत्ता र सालिक

राजधानीमा केही दिनअघि चर्चित उद्योगपति विनोद चौधरीका छोरा निर्वाण चौधरीको भव्य विवाहभोजमा भेट भएका शाहीसत्ताकालीन मन्त्रीको एक पंक्ति संवादले मलाई निरन्तर ऐंठन गरिरहेको छ। त्योभन्दा बढ्ता मलाई आठ दलको कामकारबाही र सर्वसाधारणमा बढ्दो निराशाले थप ऐंठन गरिरहेको छ ।

ती पूर्वमन्त्रीलाई भेटेको एक साताभन्दा बढी भइसके पनि त्यो संवाद किन-किन दोहोरिएर कानमा आइरहेको छ । राम्रो चिनजान भएकाले उनको क्षेमकुशल सोधेँ । उनले उत्साहित हुँदै भने- 'तीन/चार वर्ष विदेश गएर बस्नु पर्ला भन्ने सोचेको थिएँ, चाँडै देश चलाउने जिम्मेवारी आउला जस्तो छ ....।'

त्यसको केही दिनपछि । सार्वजनिक सेवाको माइक्रोबसमा यात्रा गरिरहेका बेला अघिल्लो सिटमा बसेका दुई अधबैंसे महिलाको संवादले मेरो ध्यान आकृष्ट गऱ्यो । एउटीले भनिन्- 'अति नै गर्न लागे भन्या ।' अर्कीले थपिन्- 'सालिक तोडेर के पाउने होलान् ।'

ए, बल्ल कुरा बुझियो । ठाउँ-ठाउँमा स्वर्गीय राजाका सालिक तोडफोड गर्न थालेको यी सर्वसाधारणलाई पनि चित्त बुझेको रहेनछ । मैले मनमनै सोचेँ- माइक्रोबसमा हिंड्ने महिला दरबारिया होइनन् । आफ्नो सुखदुःख गरेर खाने जनतालाई चित्त नबुझ्ने काम हुन थालेपछि बुझ्नुपर्छ, सत्ता अलोकप्रिय हुन थालेछ ।

राजा ज्ञानेन्द्रप्रति आक्रोशको निशाना बनेका छन् पहिलेका राजाका सालिक । केही दिनअघि एमालेको भातृ विद्यार्थी संगठनले प्रज्ञाप्रतिष्ठानमा रहेको राजा महेन्द्रको सालिक फोऱ्यो । त्यसको टाउको भने टुकुचामा लगेर सेलाए । त्यसयता देशभरि माओवादीका भातृ संगठनले अभियानका रूपमा सालिक तोड्न थालेका छन् । जनता के खोज्छ ? परिवर्तनको अनुभूति । के परिवर्तनको अनुभूति सालिक तोडेर हुन्छ ? जनताको ध्यान अन्यत्र मोड्न क्षणिक आक्रोश पोख्ने अभियानमात्र हो यो । त्यो पनि सत्ताधारी दलकै कार्यकर्ताबाट । एमाले, माओवादी सबै अहिले सत्ताधारी हुन् । उनीहरूले जनताको भावना प्रतिबिम्बित गर्ने काम गरेनन् भने यस्ता क्षणिक आवेग र आक्रोशका गतिविधिले जनतालाई सन्तुष्ट बनाइराख्दैन ।

हेरौं एक वर्षयताका दलका कामकारबाही : माओवादीको सत्तारोहण भयो तर अशान्ति यथावत् रह्यो । एउटा द्वन्द्व समाधान भएको जस्तो छ, तर अनेकन देखापरिरहेका छन् । जनतालाई राहत दिने र लोकतन्त्रको अनुभूति दिने काम हुन सकेका छैनन् । गत वर्ष वैशाख ११ सम्म नियुक्तिमा तत्कालीन शाहीसत्ताको एकाधिकार थियो, अहिले दलहरूको । उनीहरूका लागि स्वतन्त्र नागरिकको कुनै अस्तित्व छैन । योग्यता होइन, पार्टीको भागबन्डाभित्र छिर्न सक्नुपर्छ । अब सुरु भएको छ- दलहरूको शाही शैलीको सत्ता ।

यो एक वर्षमा सर्वसाधारण नागरिकले भोगेका दुःख अकल्पनीय छन् । एउटा सानो समूहले राजमार्ग अवरुद्ध गर्न सक्छ । कैयन दिनसम्म राजमार्गमा अलपत्र परेका नागरिकका मनमा लोकतन्त्रप्रतिको कुन विश्वास जाग्ला ? व्यक्तिको जीउधनको सुरक्षा छैन । भनेको बेलामा पेट्रोलियम पदार्थ पाइँदैन । सुरक्षाकर्मीभन्दा अपराधी बलिया भएका छन् । प्रहरी चौकी स्थापना गर्न सत्तारूढ दलकै कार्यकर्ताले अवरोध गर्छन् ।

नागरिकलाई यति धेरै निरीह तुल्याएर सत्ता सञ्चालन गर्नेहरूका भातृ संगठनले सत्ता गुमाएकाहरूका सालिक भत्काएर कुन ठूलो बहादुरी गरिरहेका छन् ? सालिक समयका अभिव्यक्ति हुन् । यो कला पनि हो । के हाम्रा लोकतन्त्रवादी आफ्ना सन्तानलाई इतिहासको पाठ पढाउन चाहँदैनन् ? आफ्नो देशको कला भावी पिँढीलाई देखाउन चाहँदैनन् ?

आठ दलको सत्ताको होस्ल्याङे चाल र पुरानो सत्तावालहरूका सपना दुवै देखेर म डराइरहेको छु ।

सडकमा उभिएका सालिकसँग तर्सिनुभन्दा सर्वसाधारणका मनमा पलाउन थालेको वितृष्णाबाट तर्सिनु सबैभन्दा बुद्धिमानी हो । जनविश्वास गुमेपछि फलामे सत्ताहरू ढलेका इतिहास छन् । अहिले त कानुन र व्यवस्था बनाउन नसक्ने, राजमार्ग सुचारु गर्न नसक्ने, जनताको जीउधनको रक्षा गर्न नसक्ने, कमजोर र अस्थिर सरकारले आफूलाई सुधारेन भने तासको घरझैं ढल्न कतिबेर लाग्छ र ?

शान्ति प्रक्रिया अघि बढेपछि सबै समस्या समाधान होलान्, आफूलाई पनि दलहरूले सुधारेर अघि बढ्लान् भन्ने आशामा यतिबेला तुषारापात भएको छ । दलहरूबीचको आपसी विश्वास भत्किएको छ । एकले अर्कालाई दोष लगाएर आफ्ना कमजोरी लुकाउने प्रवृत्ति सार्वसाधारणले देखिरहेका छन् । देशका विभिन्न भू-भागमा दलहरूले आफ्नो लोकप्रियताको परीक्षा गरे भने थाहा हुन्छ, तिनीहरूको छवि कति धूमिल हुँदै गएको छ ।

दलहरूलाई त कहिल्यै नसुध्निने संस्थाका रूपमा जनताले लिएका छन् । पोहोरको जनआन्दोलनबाट एकै वर्षमा उनीहरूले यति धेरै निराश पारेका छन् । आठ दलको सत्ताको होस्ल्याङे चाल र पुरानो सत्तावालका सपना दुवै देखेर म डराइरहेको छु ।

● वाईसीएलको दादागिरी

हालै माओवादी नेता डा. बाबुराम भट्टराई, कांग्रेसका डा. शेखर कोइराला तथा बलदेव शर्मा मजगैया दाङमा माओवादीद्वारा सशस्त्र युद्धका क्रममा कब्जा गरिएका घरजग्गा फिर्ता गराउन गए । स्थानीय माओवादीले व्यापक विरोध जनाउँदै उनीहरू रहेको तुल्सीपुर नगरपालिका भवनमा समेत तोडफोड गरेपछि विस्थापितलाई घरजग्गा फिर्ता गराउने काम थाँती राख्दै उनीहरू काठमाडौं फर्किन बाध्य भए ।

यसबाट लिखित प्रतिबद्धताविपरीत सशस्त्र द्वन्द्वका क्रममा घर छोड्न बाध्य पारिएका विस्थापितलाई सुरक्षित रूपले घर फर्किने वातावरण तयार नभएको भन्ने राष्ट्रसंघीय मानव अधिकार उच्चायोगको प्रतिवेदन शतप्रतिशत सही देखिन्छ । ०६२ मंसिरको १२ बुँदे सम्झौता, ०६३ जेठ २ को युद्धविराम आचारसंहिता र मंसिर ५ को विस्तृत शान्ति सम्झौता तथा सरकारमा जानुअघि गरिएका सबै सम्झौतामा माओवादीले विस्थापितका जग्गा फिर्तासहित निसर्त घर फर्किन दिने प्रतिबद्धता गरेको थियो ।

बर्दियाको सानोश्री गाविसमा अवस्थित नेपाल कपास विकास समितिको भवनमा सशस्त्र प्रहरीबल राखेको विरोधमा उत्रेका माओवादी निकट योङ्ग कम्युनिस्ट लिग (वाईसीएल), मुक्त कमैया र सुकुम्बासीको गत सोमबारदेखि जारी भिडन्त अझै उग्र हुँदै गएको छ । वाईसीएलको धम्कीका कारण बर्दिया- २ पूर्वसांसद खगराज शर्मा तथा सानोश्री गाविसका पूर्वअध्यक्ष टंक वलीलगायत अन्य ९ जना सदरमुकाम गुलरियामा शरण लिन बाध्य छन् ।

५ वर्षअघिदेखि माओवादी नियन्त्रित उक्त भवन केही समययता वाईसीएलले प्रयोग गर्दै आएको थियो । केही समयअघि गरिएको माओवादीसमेत सम्मिलित सर्वपक्षीय बैठकबाट भवनमा सशस्त्र प्रहरी बल राख्ने निर्णय गरिएको थियो । गएको मंगलबार वाईसीएललगायत मुक्त कमैया तथा सुकुम्वासीले बर्दियाको कुसुम्बा बजारमा त्यो घटनाको विरोधस्वरूप प्रदर्शनी गरिरहँदा सिन्धुलीमा आयोजित कार्यक्रममा माओवादी केन्द्रीय नेता मोहन वैद्य उर्फ किरण माओवादीले कब्जा गरेका कुनै जग्गा-जमिन फिर्ता नगरिने भनी कुर्लिंदै थिए । यस्तो अवस्थामा वैद्यको त्यो गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिले बर्दियालगायत देशका अन्य भागमा अनावश्यक हस्तक्षेप गरिरहेका वाईसीएल कार्यकताले अझै अराजक बन्न प्रेरित गरेको छ । त्यसैले होला माओवादीमा प्रचण्डपछिका वरियता क्रममा दोस्रा मानिएका डा. भट्टराईसमेत दाङमा विस्थापितको घरजग्गा फिर्ता गराउन गएकोमा स्थानीय माओवादीको जबर्जस्ती तथा हुलहुज्जतका कारण त्यत्तिकै फर्किनु परेको ।

माओवादीले वाईसीएललगायत अन्य वर्गीय संगठनमा आबद्ध कार्यकर्ता तथा अधिराज्यभरि क्यानटोनमेन्टमा रहेका तथा राष्ट्रसंघीय मानव अधिकार उच्चायोगको प्रत्यक्ष निगरानीमा रहने भनिएका छापामारलाई समय रहँदै प्रशिक्षित तथा अनुशासित गर्न सकेन भने ठूलो मूल्य चुकाउनुपर्नेछ ।

-विजयकुमार पोखरेल
बर्दिया

माओवादी खुला राजनीतिमा आएपछि चर्चामा आएको वाईसीएल असामाजिक र आतक्तित गतिविधिमा संलग्न रहन थालेको छ ।

● आपत्तिजनक शैली

वाईसीएल हिजोआज उम्लिएको छ । माओवादी खुला राजनीतिमा आएपछि चर्चामा आएको वाईसीएल असामाजिक र आतङ्कित गतिविधिमा संलग्न रहन थालेको छ । बर्दियाको मालपोत कार्यालय र नेपाल विद्युत् प्राधिकरणमा गरिएको आगजनी यसको ज्वलन्त उदाहरण हो ।

नयाँ सत्ताको नाममा हिजो माओवादीले जुन क्रियाकलाप गरिरहेको थियो, आज सरकारमा सामेल भइसकेपछि पनि उसकै 'भाइ' समूहले त्यही प्रकृतिको घटना दोहोऱ्याउनु माओवादीका लागि फलदायी नहुन सक्छ । प्रचण्डहरूले केन्द्रमा बसेर गर्ने मीठा कुरा र कार्यकर्ताले गाउँका सोझासाझा जनतामाझ छरिरहेको आतङ्क माओवादीको द्वैध चरित्रको प्रमाण हो ।

आपसी मतभेद, ढिलासुस्ती र अविश्वासका कारण आठ दलले तोकिएको समयमा संविधानसभा निर्वाचन गराउन नसकेको अवस्थामा संसद्बाट गणतन्त्र घोषणा गर्नुपर्ने माग राखिरहेको छ । उसले आफ्नो मागप्रति सबैलाई दबाबमा राख्न वाईसीएल प्रयोग गरेको हुनसक्छ । अब सहरी आन्दोलन सुरु गरिनेछ भन्ने माओवादी अभिव्यक्तिलाई साकार रूप दिन वाईसीएल लागि परेको हुनसक्छ । जे जस्तो भए पनि आन्दोलनका नाममा आतङ्क र विध्वंसको बाटो रोज्नु पक्कै बुद्धिमानी हुँदैन । संसद्बाट गणतन्त्र घोषणा गर्ने माओवादीको माग, जनमत संग्रहमा जानुपर्छ भन्ने एमालेको भनाइ र संविधानसभाबाट निकास खोजिनेछ भन्ने कांग्रेसको अडानको पृष्ठभूमिमा कुन विकल्प दीर्घकालीन रूपमा नयाँ नेपाल निर्माणका लागि प्रभावकारी हुनसक्छ ? यसबारे आठ दलले सार्वजनिक बहस चलाएर निचोड निकाल्नुपर्छ । यसरी चर्चामा आउने भाषणमात्रैले निकास निस्कनेवाला छैन ।

-हरिहर शर्मा
कोटेश्वर- ३५, काठमाडौं ।

● जँड्याहालाई दुःखको खबर

मादक पदार्थ सेवन गरी सवारी चलाउनाले विश्वमा प्रतिदिन हजारौं निर्दोष व्यक्तिले ज्यान गुमाउनुपरेको हुन्छ । जर्मनी, भारत, अमेरिका, मेक्सिको र विशेषगरी दक्षिण अमेरिकी राष्ट्र यो विकराल समस्याको प्रमुख पंक्तिमा पर्छन् । जर्मनीमा मात्रै प्रतिवर्ष दुई हजार जनाले ज्यान गुमाउने गर्छन् । संसारको सबैभन्दा बढी सवारी गुड्ने राष्ट्र अमेरिकामा प्रतिवर्ष १७ हजार पाँच सय जनाको ज्यान जाने गर्छ । फलस्वरूप प्रतिवर्ष एक खर्ब १४ अर्ब डलर आर्थिक क्षति हुने गर्छ ।

मादक पदार्थ सेवनविरुद्ध गठित संगठनका प्रतिवेदनअनुसार युवा समूह यो समस्याका कारक तत्त्व हुन् । बढ्दो सवारी साधन, युवा जनसङ्ख्या र उचित शिक्षा अभावमा समस्या बढ्दै गएको छ । विश्वका केही राष्ट्रमा प्रचलित कानुनः

अस्ट्रेलिया- यहाँ मादक पदार्थ सेवन गरी सवारी चलाउने चालकको फोटो र हुलिया प्रमुख समाचारपत्रमा 'जँड्या र जेल चलान' शीर्षकअन्तर्गत छाप्ने चलन छ । यसले अभियुक्तको समाजमा बेइज्जत हुनुका साथै रोजगार अवसरमा समेत ठूलो बाधा पर्न जान्छ ।

दक्षिण अफ्रिका- अभियुक्तलाई दस वर्ष जेल वा करिब सात लाख रुपैयाँ वा दुवै सजाय गरिन्छ ।

टर्की- यहाँको कानुनअनुसार अभियुक्तलाई सहरबाट तीस किलोमिटर टाढा लगिन्छ र सहरसम्म दौडिन लगाइन्छ ।

मलेया- पूर्वी रसियाको एक प्रान्त मलेयाको सजाय भने अनौठोमात्रै होइन, विवादास्पद पनि छ । अभियुक्त विवाहित भएमा अभियुक्तका श्रीमान् वा श्रीमती र छोरा-छोरी जेल चलान हुने गर्छन् । रसियाको धेरै भागमा भने ड्राइभिङ लाइसेन्स सदाका लागि खारेज गरिन्छ ।

बुलोरिया- दोस्रोपटक पनि मादक पदार्थ सेवन गरी सवारी चलाउनेलाई सीधै मृत्युदण्ड दिइन्छ ।

एल साल्भाडोर- यो देशमा प्रथमपटकमै अभियुक्तलाई बन्दुक हानी मृत्युदण्ड दिइन्छ ।

नर्वे, फिनल्यान्ड, फ्रान्समा भने पहिलोपटक कम सजाय भए पनि दोस्रोपटकमा ड्राइभिङ लाइसेन्स दीर्घकालीन रूपमा खारेज गरिन्छ । अमेरिका तथा क्यानाडाका प्रायः प्रान्तमा मादक पदार्थ सेवन गरी सवारी चलाउनेलाई दुर्घटनामा अर्को पक्षको मृत्यु भएमा हतियार प्रयोग भएको ज्यानसम्बन्धी मुद्दा दायर गरिन्छ । आर्थिक रूपले हेर्दा यो देशमा प्रशासनले गर्ने मौद्रिक सजायभन्दा पनि बिमा कम्पनीले प्रत्येक महिना बढाउने प्रिमियम अझ डरलाग्दो हुन्छ । यस्तो अवस्थामा दोषी चालकलाई बिमा कम्पनीले अन्यको भन्दा करिब ६ वर्ष प्रत्येक महिना दुई तीन सय डलर बढी शुल्क लिने गर्छन् । प्रायः देशमा यस्ता सन्देश युवासमक्ष पुऱ्याउन बाटा-बाटामा बोर्ड राखेको देखिन्छ । जस्तो अमेरिकी राजमार्गमा सबैभन्दा प्रचलित बोर्ड हो 'ड्रिङ्क ड्राइभ एन्ड गो टु जेल' ।

मादक पदार्थ सेवन गरी सवारी चलाउँदा जन, धन र स्वतन्त्रताको विनाश हुन्छ । राष्ट्रले युवाशक्ति गुमाउनुपर्ने हुन्छ भने परिवारले ठूलो आर्थिक भार बहन गर्नुपर्छ । नेपालमा पनि मादक पदार्थ सेवन गरी सवारी चलाउनेविरुद्ध कडा नियम बनाई लागू गर्नुपर्छ ।

-प्रकाश पौड्याल
टेक्सास, हालः इडमन्टन, क्यानाडा ।

● मलाई बचाउनुस्

अर्काको खेती किसानीबाट दुःखजिलोले जीविकोपार्जन गर्दै आएको ३२ वर्षीय मलाई रक्त क्यान्सर भएको छ । साना दुई छोरा, बूढा बाबुआमा पाल्ने अभिभारासहित हौसलाले मेहनत गर्दागर्दै कतिखेर रोगले गाँज्यो पत्तै भएन । जब थाहा पाइयो, केही ढिलो भइसकेछ । यतिखेर चिकित्सकले ठूलो रकम खर्चनुपर्ने बताएका छन् । तर म निरुपाय छु । रोग पहिचान हुनुअघि विराटनगर र धरानमा पनि धेरै खर्चनुपऱ्यो । धरानमा वीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानले क्यान्सर भनेपछि भरतपुरमा जँचाउन आएको छु । मसँग औषधि किन्ने पैसासमेत छैन ।

उपचार गर्दागर्दै मेरी पत्नी र साना छोराछोरी ठूलो ऋणमा डुबिसकेका छन् । मेरो बाँच्ने आशा त अनिश्चित छ नै उनीहरूको भविष्यसमेत अन्धकार हुने भयले थप पीडा दिइरहेको छ । मैले हरेस खाएको छैन, म बाँच्न चाहन्छु, छोराछोरीलाई धेरै पढाउन चाहन्छु जसले आफ्नै उपचारका लागि फेरि कसैमाथि हात अघि सार्नु नपरोस् ।

त्यसैले निरीह मेरा यी हातहरू तपाईंहरू सामु पसारेको छु । तपाईंहरूको सानो सहयोगले मेरो बाँच्ने आशा, छोराछोरीको भविष्य र पत्नीको सौभाग्य अटल रहनेछ भन्ने मलाई विश्वास छ । मेरा गाउँका सहयोगीले विराटनगरस्थित लुम्बिनी बैंकमा १११-०००-१५ नम्बर खाता पनि खोलिदिएका छन् । यसमा रकम जम्मा गरिदिनु भए कृतज्ञ हुने थिएँ ।

- राजन थापा
मधेसा- ७, सुनसरी, ९८४२०२२३९४ (बन्धु)

● छोरालाई बचाइदिनुहोस्

मेरो छोरा ऋषिराम न्यौपाने १९ वर्षको भयो । उपचारका लागि सहिद गंगालाल अस्पतालमा जाँदा उसको मुटुका दुवै भल्भ काम नलाग्ने भएको थाहा पायौं । डाक्टरसापले भल्भ फेर्नुपर्छ भन्नुभएको छ । भल्भ फेर्न अप्रेसनका लागि ५ लाख रुपैयाँ चाहिन्छ रे । हामीजस्तो निम्न वर्गीय परिवारले त्यतिका रकम कहाँबाट ल्याउनु ? द्वन्द्वका कारण आठ वर्षदेखि गाउँबाट विस्थापित भएर हामी काठमाडौंको मनमैजुमा डेरा लिएर बसिरहेका छौं । आयस्रोतको कुनै माध्यम छैन । मेरा श्रीमान् अपांग हुनुहुन्छ । अरू दुईजना छोरा पनि छन् । त्यसैले मेरो जेठो छोरा ऋषिरामलाई बचाउन सहृदयी महानुभावहरूसँग आर्थिक सहयोगका लागि अनुरोध गर्छु ।

- चिनीमाया न्यौपाने
थानसिङ- ७, नुवाकोट, हाल : मनमैजु
सम्पर्कः ९८०३०९८९७६

पाठक मञ्च

● नरहरिहरूको नैतिक संकट

जिल्ला सभापतिको भेलामा दुईवटा विषय उठेका छन्-कांग्रेसले राजतन्त्रबारे स्पष्ट नीति तय गरी लोकतान्त्रिक गणतन्त्रका पक्षमा निर्णय लिनुपर्ने र पार्टीभित्र आन्तरिक लोकतन्त्र विकास गर्नुपर्ने ।

कांग्रेस नेतृत्व यी सवालमा गम्भीर देखिएको छैन । पार्टीगत संरचना नेतामुखी भएकाले त्यसले जिल्ला सभापतिका मागको कति कदर गर्छ हेर्न बाँकी छ । भेलामा देखिएको एउटा असंगत पक्ष- सभापतिलाई आईएनजीओद्वारा प्रशिक्षित गरी सेरेमोनियल किङका पक्षमा उभिन प्रेरित गरियो ।

कांग्रेसको नीति तय गर्ने सिलसिलामा पनि एनजीओको तुलनामा जनतासँग प्रत्यक्ष सम्पर्क भएका सभापतिका विचार बढी महत्त्वपूर्ण हुन सक्थ्यो । भेलामा नेता नरहरि आचार्यले सभापतिका मागको कदर गर्न महिना दिनभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने प्रस्ताव दर्ता गराएका छन् । नीतिभन्दा नेताप्रधान देखिएको र अर्कोतिर कांग्रेसको समग्र पार्टी संरचनामा महामन्त्रीको जवर्जस्त भूमिका रहने कारणले विशेष महाधिवेशनले पनि सेरेमोनियल किङका पक्षमा निर्णय गरेमा आचार्य वा गगन थापाजस्ता गणतन्त्रवादीले के गर्लान् ?

निर्वाचन आयोगमा दल दर्ता गर्ने अन्तिम म्यादभन्दा केही अगाडि राजतन्त्र वा गणतन्त्रबारे कांग्रेसले निर्णय गर्नुपर्थ्यो । त्यसो गरेको भए नरहरिहरूलाई गणतन्त्रवादी दल दर्ता गर्ने अवसर मिल्नेथ्यो । अब नरहरि र गगनजस्ता कांग्रेसभित्रका गणतन्त्रवादी ध्रुव नैतिक संकटमा फसेका छन् । पार्टीले राजतन्त्रको पक्षमा निर्णय गरेमा न उनीहरूले सहकार्य गर्न सक्नेछन् न वैकल्पिक राजनीतिक दल छ । त्यस्तो अवस्थामा उनीहरूका लागि एक राजतन्त्रवादीलाई नै भोट दिनु वा अन्तर्घात गर्नुको विकल्प रहन्न ।

-सर्जन गौतम
काठमाडौं

● प्रजातान्त्रिक ध्रुवीकरण

दिल्लीबाट फर्केर राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले वामपन्थी ध्रुवीकरणका विरुद्धमा प्रजातान्त्रिक ध्रुवीकरण आवश्यक रहेको र त्यसको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गर्नुपर्ने बताएका छन् । पूर्व महापञ्च थापाको भनाइले राजनीतिमा नयाँ सरगर्मी पैदा गरिदिएको छ ।

उनका अभिव्यक्तिलाई दिल्लीको चाहनाका रूपमा समेत विश्लेषण गर्न थालिएको छ । राजनीतिक ध्रुवीकरणसम्बन्धी चर्चासँगै थापाले आफूलाई कोइरालाको हितैषीका रूपमा उभ्याउने प्रयास गरेका छन् । तोकिएको समयमा चुनाव हुन नसक्नुमा कोइरालाको मात्र जिम्मेवारी नरहेको बताएर गिरिजाप्रसादलाई थोरै भए पनि राहत दिएको हुनुपर्छ ।

राजनीतिक, संवैधानिक र कानुनी हिसाबले समेत राजतन्त्र शक्तिहीन भएपछिको अवस्थामा प्रतिगामी शक्तिको नयाँ चालका रूपमा एकाएक थापाको सक्रियता बढेर गएको देखिन्छ । उनको त्यही सक्रियताको एउटा कडीका रूपमा वामपन्थी र प्रजातन्त्रवादी बीचमा फाटो ल्याउने प्रयास सुरु भएको छ । दलहरू भित्रका दक्षिणपन्थी तथा अतिवादी तत्त्वको सक्रियतासमेत बढेर गएको देखिन्छ ।

ऐतिहासिक जनआन्दोलनको विकास, शान्ति सम्झौता र अन्तरिमकाल व्यवस्थापनका क्रममा विकास भएको आठ दलीय गठबन्धन अहिलेको आवश्यकता हो । त्यसलाई कुनै न कुनै रूपमा कायम राखिरहनु ऐतिहासिक जनआन्दोलनको भावना हो ।

वामपन्थी ध्रुवीकरणको हौवा खडा गरेर कांग्रेसको नेतृत्वमा दक्षिणपन्थी गठबन्धन कायम गर्ने प्रयास वर्तमान अन्तरिम व्यवस्थापिका संसद्को संरचनाका कारणले पनि सम्भव देखिँदैन । संसद्मा वामपन्थीको बहुमत हुँदाहुँदै कोइराला प्रधानमन्त्रीका रूपमा कायम रहनुका कारण लोकतन्त्रको संस्थागत विकासका लागि वाम-प्रजातान्त्रिक शक्तिबीच एकता कायम रहनु आवश्यक छ । आठ दलले वाम प्रजातान्त्रिक एकताको अपरिहार्यतालाई आत्मसात गरिरहेको अवस्थामा के कति कारणले दलका समस्या पैदा भयो भन्ने खोजी गर्नुपर्छ । त्यसको निदानद्वारा गठबन्धनलाई बलियो बनाउने प्रयास गरिनुपर्छ ।

-मोहनशमशेर थापा
उर्लाबारी- ६ मोरङ

● दरिलो अर्थतन्त्र

'विशेष आर्थिक क्षेत्र स्थापना' (२३ वैशाख) शीर्षक लेख बजार अर्थशास्त्रीय दृष्टिकोणबाट नेपालका निमित्त अनुपयुक्त देखिन्छ । यसले राज्य सञ्चालनमा पुनरावृत्ति हुने भेदभाव नीतिको पक्षपोषण गर्छ । यो अनुदार राज्य संरचना हो ।

नेपालका स-साना भागलाई कररहित बनाउने जुन विश्लेषण गरिएको छ मेरो विचारमा नेपाललाई सम्पूर्ण रूपमै किन कर मुक्त नगर्ने ? सानो क्षेत्रको स्थापनाले उपयुक्त श्रम बजारको प्रादुर्भाव गर्छ भने, पूर्ण रूपमा हुनाले अर्थतन्त्रमा पर्ने प्रभावको चर्चा गरिराख्नु पर्दैन होला । देशभित्र सञ्चालन हुने प्रत्येक व्यवसायलाई राज्यले फरक दृष्टिले हेर्ने जुन हाम्रो परम्परा (औद्योगिक नीति, २०४९) छ, विशेष आर्थिक क्षेत्रले त्यसको निरन्तरताको काममात्र गर्छ ।

नेपालको आर्थिक स्थिति कमजोर हुनुमा सबैभन्दा बढी जिम्मेवार राष्ट्रिय योजना आयोग र अनुदार सरकार हुन् । यसमा राज्यले व्यापारीवर्गलाई नजरअन्दाज गरेसम्म आर्थिक विकास सम्भव छैन । राज्यको काम व्यापार गर्ने नभई सामाजिक सुरक्षा गर्नु हो । राज्यले प्रत्येक नागरिकमध्ये एउटै कानुन, व्यक्तिगत जीवनमा कम अधिनायकत्व (विशेषत एकल कर दायित्व), सम्पत्तिमा पूर्णाधिकार, परम्परागत कला संस्कृतिको सम्मान र सबल तथा सुदृढ राष्ट्रिय सुरक्षाको प्रतिनिधित्व गर्नुपर्छ ।

नेपाल जहाँ गरिबको संख्या कहालीलाग्दो छ, त्यहाँ शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाभन्दा रोजगारीको क्षेत्र विस्तारमा लाग्नुपर्छ । आर्थिक स्वतन्त्रताका ढोका नखोली, कडाखाले श्रम नीति नअपनाई सामाजिक सुरक्षामा मात्र राज्य र व्यापारीले खर्च गर्नुपर्ने बाध्यताले अझै दरिद्र बनाउँदै लैजान्छ ।

-कृष्ण न्यौपाने
मीनभवन, काठमाडौं

● सिकौं बेलायतबाट

'बेलायतमा नेपाली काउन्सिलर' (२४ वैशाख) समाचारले मलाई उत्साहित बनाएको छ । यसमा धन गुरुङको उमेर उल्लेख नभए पनि फोटोमा युवा देखिन्छन् । गुरुङको सफलता उनको नभई सबै नेपालीको हो । यो समाचारले युवापुस्ताका लागि केही गरौं भन्ने सन्देश दिएको छ । बेलायतजस्तो मुलुकमा उनले पाएको सफलताले सारा नेपाली युवालाई नयाँ उत्साह थपेको छ । उनले भनेका छन्- बेलायतको राजनीतिमा टेक्ने साहस गरेको छु ।

बधाई छ गुरुङलाई । बेलायतको राजनीतिमा त लगनशीलता र इमानदारिताको कदर गरेर नेपाली युवालाई स्थान दिइन्छ । यसले अर्को प्रमाण दिएको छ- नेपाली युवामा क्षमता छ । अवसर पाए युवा जस्तोसुकै उत्तरदायित्व बहन गर्न सक्छन् । नेपालमा भने दुर्भाग्य भएको छ । युवाले राम्रो काम गर्न थाल्यो भने खुट्टा तान्न सुरु गरिन्छ । युवामा विश्व